# नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१

<u>नेपाल राजपत्रमा प्रकाशन मिति</u>

२०५१।२।९

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१" रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल इन्जिनियरिङ्ग सेवा सम्झनु पर्छ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "उपसमूह" भन्नाले समूह अन्तर्गत रहने उपसमूह सम्झनु पर्छ ।

(च) "कर्मचारी" भन्नाले नेपाल इन्जिनियरिङ्ग सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. **<u>सेवाको गठनः</u>** ऐनको दफा ३ बमोजिम नेपाल इन्जिनियरिङ्ग सेवा गठन गरिएको छ ।

४. **<u>सेवामा रहने समूह, उपसमूह, श्रेणी र पदः</u>** (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवाभित्रको समान प्रकृतिका पदहरु समावेश भएका अनुसूची-१ बमोजिमका समूह तथा उपसमूहहरु रहने छन् ।

(२) सेवामा देहायका श्रेणीहरु रहने छन्-

(क) राजपत्रांकितः

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी, र

(४) तृतीय श्रेणी ।

(ख) राजपत्र अनंकितः

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी, र

(४) चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा नेपाल सरकारले तोके बमोजिमका पदहरु रहन सक्ने छन् ।

(४) समूह तथा उपसमूहमा रहने विभिन्न श्रेणीका र श्रेणी विहीन पदहरु अनुसूची-२ बमोजिम हुनेछन् ।

५. **समूहीकृत हुनेः** (१) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल इन्जिनियरिङ्ग सेवाको सिभिल इन्जिनियरिङ्ग समूहका जनरल उपसमूह, स्यानिटरी उपसमूह विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह, इरिगेशन उपसमूह, हाइड्रोपावर उपसमूह, हाइड्रोलोजी उपसमूह र मेटेरियोलजी समूह, माइनिंग इन्जिनियरिङ्ग समूह, केमिष्ट्री समूह, केमिकल इन्जिनियरिङ्ग समूह, मेटालर्जिकल इन्जिनियरिङ्ग समूह, मेट्रोलजी समूह, एरोनटिकल इन्जिनियरिङ्ग समूह, इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग समूह र सर्भे समूहमा समूहीकृत भई कार्यरत रहेका कर्मचारीहरु तत् तत् समूह वा उपसमूहमा समूहिकत भएका मानिने छन्।

(२) साविकमा नेपाल कृषि सेवा, एगृ इन्जिनियरिङ्ग समूहमा समूहिकत भई जलस्रोत मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरु अब नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत एगृ इरिगेशन इन्जिनियरिङ्ग समूहमा समूहीकृत हुनेछन् ।

(३) साविकमा नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह ट्रान्सपोर्टेशन उपसमूहमा समूहीकृत कर्मचारीहरु मध्ये यो नियम लागू हुँदाका बखत निर्माण तथा यातायात मन्त्रालय, सडक विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरु हाइवे उपसमूह र पर्यटन मन्त्रालय, हवाई विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरु एयरपोर्ट उपसमूहमा स्वतः समूहीकृत हुनेछन् ।

(४) साविकमा नेपाल इन्जिनियरिङ्ग सेवा मेकानिकल समूहमा समूहीकत भएका कर्मचारीहरु मध्ये हवाई विभागमा कार्यरत कर्मचारीहरु मेकानिकल समूह एभिएशन मेकानिकल उपसमूहमा, निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभाग तथा अन्तर्गत, जलश्रोत मन्त्रालय अन्तर्गत सि”चाई विभाग र अन्रतगत कार्यरत कर्मचारीहरु, मेकानिकल समूह निर्माण उपकरण सम्भार उपसमूह र सो वाहेकका कर्मचारीहरु मेकानिकल समूहले जनरल मेकानिकल उपसमूहमा स्वतः समूहीकृत हुनेछन् ।

(५) साविकमा सिभिल एभिएसन अपरेशन तथा इन्जिनियरिङ्ग समूह अन्तर्गतको एभिएसन टेलिकम्यूनिकेशन मेन्टेनेन्स उपसमूहलाई इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग समूहमा समूहीकृत गरिएकोछ ।

(६) साविकमा नेपाल इन्जिनियरिङ्ग सेवा इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूहमा रहेका कर्मचारीहरु मध्ये पर्यटन मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरु एभिएशन इलेक्ट्रिकल उपसमूह र सो वाहेक अन्यत्र कार्यरत कर्मचारीहरु जनरल इलेक्ट्रिकल उपसमूहमा समूहीकृत हुनेछन् ।

(७) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल इन्जिनियरिङ्ग सेवामा कार्यरत कर्मचारीहरु मध्ये उपनियम (१), (२), (३), (४), (५) र (६) मा उल्लेखित समूह वा उपसमूहका कर्मचारीहरु बाहेक अन्य समूह र उपसमूहका कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता, कार्य विशिष्टता र अनुभवको आधारमा निजहरु वहाल रहने समूह, उपसमूह तथा पद समेत निर्धारण गरी सम्बन्धित कर्मचारीहरुलाई जानकारी गराइनेछ ।

६. <u>रिक्त पदको पूर्तिः</u> (१) सेवा समूह तथा उपसमूहका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी विहीन पदहरु शुरु नियुक्तिद्धारा पूर्ति गर्दा खुला प्रतियोगिताद्धारा गरिनेछ ।

७ **नियुक्तिको लागि योग्यताः** सम्बन्धित समूह तथा उपसमूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम आयोग्य नभएका र अनुसूची- ३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्ने छन् ।

८. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** कार्य क्षमतको मूल्याङ्कनद्वारा बढुवा हुनको निमित्त राजपत्राङ्कित पदहरुको हकमा नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनङ्कित पदहरुको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरु प्रारम्भ हुँदाका बखत सेवा, समूह तथा उपसमूहमा वहाल रहेका कर्मचारीहरुको हकमा निजहरुलाई त्यस्तो सेवा, समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

९. **सरुवाको व्यवस्थाः** समूह तथा उपसमूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद-६ को अधीनमा रही समूह तथा उपसमूहभित्रको पदमा मात्र गरिनेछ ।

१०. **सेवा, समूह तथा उपसमूह संचालन सम्बन्धी व्यवस्थाः** सेवा, समूह तथा उपसमूहको संचालन र प्रशासन अनुसूची–४ बमोजिम हुनेछ ।

११. **समूहीकृत नहुनेः** अनुसूची–५ मा उल्लेखित विभागहरुका महानिर्देशक पदहरु समूहीकृत हुने छैनन् ।

१२. **अनुसूचीमा हेरफेर वा थपघटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१३. **खारेजी र बचाउः** (१) नेपाल इन्जिनियरिङ्ग सेवा (गठन) नियम, २०१६ र नेपाल इन्जिनियरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरु, २०३३ खारेज गरिएका छन् ।

(२) उपनियम (१) मा उल्लेखित नियमहरु बमोजिम भए गरेका काम कारबाहीहरु यी नियमहरु बमोजिम नै भए गरेका मानिने छन् ।

---

द्रष्टव्यः- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

| सङ्ख्या | समूह | उपसमूह |
|---|---|---|
| १. | सिभिल इन्जिनियरिङ्ग | (क) जनरल |
| | | (ख) हाइवे |
| | | (ग) स्यानिटरी |
| | | (घ) विल्डिङ्ग एण्ड आर्किटेक्ट |
| | | (ङ) इरिगेशन |
| | | (च) हाइड्रोपावर |
| | | (छ) हाइड्रोलोजी |
| | | (ज) एयरपोर्ट |
| २. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | (क) जनरल इलेक्ट्रिकल इन्जिनियरिङ्ग |
| | | (ख) एभिएशन इलेक्ट्रिकल इन्जिनियरिङ्ग |
| ३. | इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग | |
| ४. | मेकानिकल इन्जिनियरिङ्ग | (क) जनरल मेकानिकल इन्जिनियरिङ्ग |
| | | (ख) एभिएशन मेकानिकल इन्जिनियरिङ्ग |
| | | (ग) निर्माण उपकरण सम्भार |
| ५. | एरोनटिकल इन्जिनियरिङ्ग | |
| ६. | माइनिङ्ग इन्जिनियरिङ्ग | |
| ७. | केमिकल इन्जिनियरिङ्ग | |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ८. | मेटालर्जिकल इन्जिनियरिङ्ग | |
| ९. | मेट्रोलोजी | |
| १०. | मेटेरियोलोजी | |
| ११. | जियोलोजी | (क) जनरल जियोलोजी |
| | | (ख) हाइड्रोजियोलोजी |
| | | (ग) इन्जिनियरिङ्ग जियोलोजी |
| १२. | सिभिल एभियशन<br>अपरेशन<br>एण्ड इन्जिनियरिङ्ग | (क) सिभिल एभिएशन अपरेशन |
| | | (ख) फ्लाइट अपरेशन्स |
| | | (ग) एभिएशन फायर सर्भिसेज |
| १३. | सर्भे | |
| १४. | केमिष्ट्री | |
| १५. | एगृ इरीगेशन इन्जिनियरिङ्ग | |

नेपाल कानून आयोग

# ❐अनुसूची–२

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित

सेवा र सेवाका समूह तथा उपसमूहमा रहने पदनामहरु

| इन्जिनियरिङ्ग सेवा | १. सिभिल इन्जिनियरिङ्ग समूहः | | | |
|---|---|---|---|---|
| | (क) जनरल उपसमूह | (ख) हाईवे उपसमूह | (ग) स्यानिटरी उपसमूह | (घ) विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह |
| १.विशिष्ट श्रेणीमा रहने पद<br>(क) कार्यकारिणी सचिव<br>(ख) नेपाल सरकारले तोके बमोजिम पद | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>सुपरिन्टेन्डिङ्ग इन्जिनियर | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) क्षेत्रीय निर्देशक<br>(ग) प्रमुख प्राविधिक परीक्षक<br>(घ) सुपरिन्टेन्डिङ्ग इन्जिनियर<br>(ङ) सहसचिव (प्रा.) | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) क्षेत्रीय निर्देशक<br>(ग) सुपरिन्टेन्डिङ्ग इन्जिनियर | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) क्षेत्रीय निर्देशक<br>(ग) सुपरिन्टेन्डिङ्ग इन्जिनियर |

❐ मिति २०५१।७।२१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>सिनियर डिभिजनल इन्जिनियर | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) डिभिजनल प्रमुख | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>सिनियर डिभिजलन इन्जिनियर | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) आर्किटेक्ट प्लानर |

| (क) जनरल समूह | (ख) हाईवे उपसमूह | (ग) स्यानिटरी उपसमूह | (घ) बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह |
|---|---|---|---|
| ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>इन्जिनियर | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>इन्जिनियर | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इन्जिनियर<br>(ख) कार्यालय प्रमुख | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इन्जिनियर<br>(ख) आर्किटेक्ट प्लानर |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) आभेरसियर | ४.राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) ओभरसियर | ४.राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) ओभरसियर | ४.राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) आभेरसियर |

| | | | |
|---|---|---|---|
| (ख) 🕮सव इन्जिनियर | (ख) 🕮सव इन्जिनियर<br>(ग) ल्यावोरेटरी टेक्निसियन | ✹ (ख) प्लम्वर | 🕮 (ख)सव इन्जिनियर<br>✹ (ग) सिनियर कार्पेन्टर |
| (क) जनरल समूह | (ख) हाईवे उपसमूह | (ग) स्यानिटरी उपसमूह | (घ) विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह |
| ५.<u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सव ओभरसियर<br>(ख) ट्रेसर | ५.<u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सव ओभरसियर<br>(ख) ट्रेसर | ५.<u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) खानेपानी तथा सरसफाई टेक्निसियन<br>(ख) प्लम्बर | ५.<u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सव आभेरसियर<br>(ख) ट्रेसर<br>(ग) डकर्मी<br>(घ) सिकर्मी |
| ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u> | ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u> | ६.<u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क)सहायक खानेपानी तथा सरसफाई टक्निसियन<br>(ख) सहायक प्लम्बर | ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u> |
| ७. <u>राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा</u> | ७. <u>राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा</u> | ७. <u>राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा</u> | ७. <u>राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा</u> |

---

🕮 मिति २०६४।३।२५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

✹ मिति २०५७।८।१९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।



नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| रहने पद | रहने पद<br>ल्यावम्यान | रहने पद<br>(क) म.स. टे. इ. प्लम्बर | रहने पद |

| (ङ) इरीगेशन उपसमूह | (च) हाइड्रोपावर उपसमूह | (छ) हाइड्रोलजी उपसमूह | (ज) एयरपोर्ट उपसमूह |
|---|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) क्षेत्रीय निर्देशक<br>(ग) निर्देशक<br>(घ) सुपरिटेन्डिङ्ग इन्जिनियर<br>(ङ) सहसचिव (प्रा.)<br>(च) कार्यकारिणी निर्देशक | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख)सुपरिटेन्डिङ्ग इन्जिनियर<br>(ग) सहसचिव (प्रा.)<br>(घ)कार्यकारिणी निर्देशक | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख)सुपरिटेन्डिङ्ग हाइड्रोलोजिष्ट<br>(ग) सहसचिव (प्रा.)<br>(घ) कार्यकारिणी निर्देशक | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) सुपरिटेन्डिङ्ग इन्जिनियर |
| २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) कार्यालय प्रमुख<br>(ग) वरिष्ठ सिँचाई योजना अधिकृत | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) वरिष्ठ जलस्रोत वातावरण अधिकृत | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) कार्यालय प्रमुख<br>(ख) सिनियर डिभिजनल इन्जिनियर<br>(ग) सिनियर डिभिजनल | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) प्रबन्धक |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| (घ) वरिष्ठ अनुगमन मूल्याङ्कन अधिकृत<br>(ङ) वरिष्ठ सिंचाई व्यवस्थापन अधिकृत<br>(च) वरिष्ठ जलस्रोत वातावरण अधिकृत | | हाइड्रोलोजिष्ट<br>(घ) जलवायु विज्ञ | |
| (ङ) इरीगेशन उपसमूह | (च) हाइड्रोपावर उपसमूह | (छ) हाइड्रोलजी उपसमूह | (ज) एयरपोर्ट उपसमूह |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इन्जिनियर<br>(ख) कार्यालय प्रमुख | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>इन्जिनियर | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>हाइड्रोलजिष्ट इन्जिनियर | ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>सिभिल इन्जिनियर |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) आभेरसियर<br>(ख) प्राविधिक सहायक | ४.राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>ओभरसियर | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) जल विज्ञान सहायक<br>(ख) इन्स्टुमेन्ट मेकानिक्स<br>(ग) डाटा सुपरभाइजर | ४.राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) आभेरसियर<br>(ख) ड्राफ्टम्यान |

नेपाल कानून आयोग

| (ङ) इरीगेशन उपसमूह | (च) हाइड्रोपावर उपसमूह | (छ) हाइड्रोलजी उपसमूह | (ज) एयरपोर्ट उपसमूह |
|---|---|---|---|
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सव ओभरसियर<br>(ख) सुपरभाइजर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सव ओभरसियर<br>(ख) पम्प अपरेटर<br>(ग) ट्रेसर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) नायव जल विज्ञान सहायक | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सव आभेरसियर<br>(ख) ट्रेसर |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) असिष्टेन्ट सुपरभाइजर | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) कार्य सहायक | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>(क) ढल्पा<br>(ख) फिल्डम्यान<br>(ग) पेट्रोलम्यान<br>(घ) हेल्पर<br>(ङ) वेल्दार<br>(च) पानी संचयकर्ता | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |

नेपाल कानून आयोग

२. **इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूहः**

| (क) जनरल इलेक्ट्रिकल इन्जिनियरिङ्ग उपसमूह | (ख) एभिएशनइलेक्ट्रिकल इन्जिनियरिङ्ग उपसमूह |
|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उप महानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ इन्जिनियर<br>(ग) सहसचिव (प्रा.)<br>(घ) कार्यकारिणी निर्देशक | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) सुपरिन्टेन्डिङ इन्जिनियर |
| २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>सिनियर डिभिजनल इन्जिनियर | ३. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) डिभिजनल इलेक्ट्रिकल इन्जिनियर |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इलेक्ट्रिकल इन्जिनियर<br>(ख) इन्जिनियर ( इलेक्ट्रिकल) | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इलेक्ट्रिकल इन्जिनियर |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) इलेक्ट्रिकल ओभरसियर<br>(ख) इलेक्ट्रिकल टेक्निसियन<br>(ग) इलेक्ट्रिसियन | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) इलेक्ट्रिकल टेक्निसियन |

नेपाल कानून आयोग

| | |
|---|---|
| (घ) इलेक्ट्रिसियन सुपरभाईजर<br>(ङ) रेडियो टेक्निसियन<br>(च) अडियो भिडियो अपरेटर<br>(छ) टेप सञ्चालक<br>(ज) लाइन टेक्नसियन | |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सव ओभरसियर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर हेल्पर |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>हेल्पर | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) हेल्पर |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |
| ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद |

नेपाल कानून आयोग

३. इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग समूहः

| |
|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) प्रवन्धक (संचार तथा उड्डयन सहायक)<br>(ग) प्रमुख टेक्निकल अफिसर<br>(घ) सुपरिन्टेन्डिङ्ग इन्जिनियर |
| २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) डिभिजनल इलेक्ट्रोनिक इन्जिनियर<br>(ग) सिनियर टेक्निकल अफिसर<br>(घ) वरिष्ठ टेक्निकल अफिसर<br>(ङ) सिफ्ट इन्चार्ज (सि.टि.ओ.)<br>(च) सिनियर टेलिकम्यूनिकेशन अफिसर |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) टेक्निकल अफिसर<br>(ख) रेडियो इन्जिनियर<br>(ग) इलेक्ट्रोनिक इन्जिनियर |

| |
|---|
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) रेडियो टेक्निसियन<br>(ख) इन्सट्रमेन्ट मेकानिक्स<br>(ग) टेलेक्स अपरेटर<br>(घ) टेलिफोन टेक्निसियन<br>(ङ) टेलिप्रिन्टर अपरेटर<br>(च) रेडियो अपरेटर<br>(छ) अडियो भिडियो अपरेटर<br>(ज) टेप संचालक<br>(झ) फोटोकपी अपरेटर<br>(ञ) टेलिफोन अपरेटर<br>(ट) सञ्चार सहायक<br>⊕(ठ) जुनियर टेक्निसियन<br>◆(ड) प्राविधिक सहायक, टेलिकम सहायक र इलेक्ट्रो सहायक |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद |

⊕ मिति २०५५।१।२८ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

◆ मिति २०५८।६।१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा थप ।

| | |
|---|---|
| | (क) नायव टेप सञ्चालक<br>(ख) नायव माइक अपरेटर<br>(ग) आकाशवाणी अपरेटर |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) सहायक टेलिफोन अपरेटर |

४. मेकानिकल इन्जिनियरिङ्ग समूहः

| (क) जनरल मेकानिकल इन्जिनियरिङ्ग उपसमूह | (ख) एभिएशन मेकानिकल इन्जिनियरिङ्ग उपसमूह | (ग) निर्माण उपकरण सम्भार उपसमूह |
|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग इन्जिनियर | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>सुपरिन्टेन्डिङ्ग इन्जिनियर | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग इन्जिनियर |
| २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) निर्देशक<br>(ग) उपनिर्देशक<br>(घ) वरिष्ठ कारखाना निरीक्षक | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क)डिभिजनल मेकानिकल इन्जिनियर | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियर |



नेपाल कानून आयोग

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ङ) सिनियर डिभिजनल ड्रिलिङ्ग इन्जिनियर<br>(च) सिनियर डिभिजनल मेकानिकल इन्जिनियर | | |
| ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) इण्डष्ट्रियल इन्जिनियर<br>(ख) मेकानिकल इन्जिनियर<br>(ग) उर्जा इन्जिनियर<br>(घ) सिनियर ड्रिलर<br>(ङ) कारखाना निरीक्षक | ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>मेकानिकल इन्जिनियर | 📖३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) मेकानिकल इन्जिनियर<br>(ख) सिनियर ड्रिलर<br>(ग) मेकानिक अफिसर<br>(घ) मेकानिक इन्स्ट्रक्टर अफिसर<br>(ङ) अपरेटर अफिसर<br>(च) मेशिनिष्ट अफिसर<br>(छ) वेल्डर अफिसर<br>(ज) इलिक्ट्रिकल अफिसर<br>(झ) मेकानिकल स्टोर अफिसर<br>(ञ) अफिसर फोरम्यान<br>(ट) जेटवार्ट निरीक्षण अधिकृत |

📖 मिति २०६८।३।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

| | | |
|---|---|---|
| | | (ठ) मेशिनिष्ट इन्स्ट्रक्टर<br>(ड) इन्स्ट्रक्टर अफिसर<br>(ढ) अपरेटर इन्स्ट्रक्टर अफिसर |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) मेकानिकल सुपरभाइजर<br>(ख) मेकानिकल इन्स्ट्रक्टर<br>(ग) सिनियर अपरेटर<br>(घ) सिनियर मेकानिक्स<br>(ङ) सिनियर मेसिनिष्ट<br>(च) सिनियर वेल्डर<br>(छ) सिनियर इलेक्ट्रिसियन<br>(ज) सिनियर स्टोर किपर मेकानिक्स<br>(झ) ड्रिलर<br>(ञ) फोरम्यान<br>(ट) मेकानिकल आभेरसियर<br>(ठ) ड्रिलर टेक्निसियन<br>(ड) हेभी इक्विपमेण्ट अपरेटर | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) मेकानिकल सुपरभाइजर<br>(ख) मेकानिकल इन्सट्रक्टर | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) मेकानिकल सुपरभाइजर<br>(ख) मेकानिकल इन्सट्रक्टर<br>(ग) सिनियर अपरेटर<br>(घ) सिनियर मेकानिक्स<br>(ङ) सिनियर मेसिनिष्ट<br>(च) सिनियर वेल्डर<br>(छ) सिनियर इलेक्ट्रिसियन<br>(ज) सिनियर स्टोर किपर मेकानिक्स<br>(झ) ड्रिलर<br>(ञ) फोरम्यान<br>(ट) मेकानिकल आभेरसियर<br>(ठ) ड्रिलर टेक्निसियन<br>(ड) हेभी इक्विपमेण्ट अपरेटर |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ढ) ग्रेडर अपरेटर<br>(ण) बुल्डोजर अपरेटर<br>(त) नकर्मी<br>(थ) एयर कण्डिशन टेक्निसियन<br>(द) मेकानिकल टेक्निसियन<br>(ध) टाइप मेकानिक्स<br>(न) जेटवार्ज निरीक्षक<br>(प) सिनियरब्ल्याक स्मिथ<br>(फ) रेफ्रिजिरेटर टेक्निसियन<br>(ब) मिस्त्री<br>(भ) पम्प केकानिक्स<br>(म) इलेक्ट्रिसियन | | (ढ) ग्रेडर अपरेटर<br>(ण) बुल्डोजर अपरेटर<br>(त) नकर्मी<br>(थ) एयर कण्डिशन टेक्निसियन<br>(द) मेकानिकल टेक्निसियन<br>(ध) टाइप मेकानिक्स<br>(न) जेटवार्ज निरीक्षक<br>(प) सिनियरब्ल्याक स्मिथ<br>(फ) रेफ्रिजिरेटर टेक्निसियन<br>(ब) मिस्त्री<br>(भ) पम्प मेकानिक्स<br>(म) पम्प टेस्ट टेक्निसियन<br>(य) सिनियर मिस्त्री<br>(र) इलेक्ट्रिसियन इन्स्ट्रक्टर<br>(व) मेसिनिष्ट इन्स्ट्रक्टर<br>(श) सिनियर स्टोर मेकानिक्स<br>(ष) अपरेटर इन्स्ट्रक्टर |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | (स) सिनियर कालीगढ<br>(ह) सिनियर रेकर्ड किपर<br>(क्ष) सिनियर पेन्टर<br>(त्र) सिनियर आ.वा. अपरेटर |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) जुनियर मेकानिक्स<br>(ख) कालिगढ<br>(ग) अपरेटर<br>(घ) मेकानिक्स<br>(ङ) मेसिनिष्ट<br>(च) जुनियर फोरम्यान<br>(छ) वेल्डर<br>(ज) इलेक्ट्रिसियन<br>(झ) स्टोरकिपर मेकानिक्स<br>(ञ) सहायक ड्रिलर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) अपरेटर<br>(ख) सिनियर हेल्पर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) जुनियर मेकानिक्स<br>(ख) कालिगढ<br>(ग) अपरेटर<br>(घ) मेकानिक्स<br>(ङ) मेसिनिष्ट<br>(च) जुनियर फोरम्यान<br>(छ) वेल्डर<br>(ज) इलेक्ट्रिसियन<br>(झ) स्टोरकिपर मेकानिक्स<br>(ञ) सहायक ड्रिलर |

मिति २०६८।३।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ट) गेट अपरेटर<br>(ठ) डोजर अपरेटर<br>(ड) जेनेरेटर अपरेटर<br>(ढ) पम्प अपरेटर<br>(ण) सिनियर मिस्त्री<br>(त) लिफ्ट असिस्टेण्ट<br>(थ) ड्राइभर कम मेकानिक्स<br>(द) प्लम्बर | | (ट) गेट अपरेटर<br>(ठ) डोजर अपरेटर<br>(ड) जेनेरेटर अपरेटर<br>(ढ) पम्प अपरेटर<br>(ण) सिनियर मिस्त्री<br>(त) लिफ्ट असिस्टेण्ट<br>(थ) ड्राइभर कम मेकानिक्स<br>(द) प्लम्बर<br>(ध) मेकानिकल गेट अपरेटर<br>(न) मिस्त्री<br>(प) ब्ल्याक स्मीथ<br>(फ) पेन्टर<br>(ब) रेकर्ड किपर<br>(भ) कारपेन्टर<br>(म) आ.वा. अपरेटर<br>(य) टेलेक्स अपरेटर |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६.राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (क) जुनियर अपरेटर<br>(ख) जुनियर मेकानिक्स<br>(ग) जुनियर मेसिनिष्ट<br>(घ) जुनियर वेल्डर<br>(ङ) जुनियर इलेक्ट्रिसियन<br>(च) जुनियर स्टोर किपर मेकानिक्स<br>(छ) ड्रिलर हेल्पर<br>(ज) वेल्डर<br>(झ) जुनियर पम्प अपरेटर<br>(ञ) जुनियर मिस्त्री<br>(ट) कल्भेयर वेल्ट अपरेटर<br>(ठ) जुनियर ब्ल्याक स्मिथ<br>(ड) प्लम्बर<br>(ढ) हेल्पर | हेल्पर | (क) जुनियर अपरेटर<br>(ख) जुनियर मेकानिक्स<br>(ग) जुनियर मेसिनिष्ट<br>(घ) जुनियर वेल्डर<br>(ङ) जुनियर इलेक्ट्रिसियन<br>(च) जुनियर स्टोर किपर मेकानिक्स<br>(छ) ड्रिलर हेल्पर<br>(ज) वेल्डर<br>(झ) जुनियर पम्प अपरेटर<br>(ञ) जुनियर मिस्त्री<br>(ट) कल्भेयर वेल्ट अपरेटर<br>(ठ) जुनियर ब्ल्याक स्मिथ<br>(ड) प्लम्बर<br>(ढ) गेट अपरेटर<br>(ण) सुचिकार<br>(त) जुनियर स्टोर मेकानिक्स |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |

| | | |
|---|---|---|
| (क) पम्प अपरेटर<br>(ख) हेल्पर<br>(ग) कालिगढ<br>(घ) लिफ्टम्यान<br>(ङ) ड्राइभर<br>(च) क्लिनर | | (क) पम्प अपरेटर<br>(ख) हेल्पर<br>(ग) कालिगढ<br>(घ) लिफ्टम्यान<br>(ङ) ड्राइभर मेकानिक्स<br>(च) पम्प टेष्ट हेल्पर<br>(छ) स्टोर हेल्पर |
| ८. <u>श्रेणी विहीन पद</u><br>(क) भारी सवारी चालक<br>(ख) हलुका सवारी चालक | ८. <u>श्रेणी विहीन पद</u> | ८. <u>श्रेणी विहीन पद</u><br>(क) भारी सवारी चालक<br>(ख) हलुका सवारी चालक |

| | |
|---|---|
| ५. <u>एरो नटिकल इन्जिनियरिङ्ग समूहः</u> | ६. <u>माइनिङ्ग इन्जिनियरिङ्ग समूहः</u> |
| १. <u>राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद</u><br>(क) प्रमुख एरो नटिकल इन्जिनियर | १. <u>राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद</u><br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ माइनिङ्ग इन्जिनियर<br>(ग) सुपरिन्टेन्डिङ रिसर्च अफिसर |
| २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u> | २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u> |

| | |
|---|---|
| (क) सिनियर डिभिजनल एरो नटिकल इन्जिनियर<br>(ख) एयर वर्दिनेश सुपरिन्टेन्डिङ्ग | (क) सिनियर डिभिजन माइनिङ्ग  इन्जिनियर |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) एरो नटिकल इन्जिनियर<br>(ख) एयरवर्दिनेश सुपरभाइजर<br>(ग) सिभिल एभिएशन एयरकाफ्ट मेन्टिनेन्स इन्जिनियर | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) माइनिङ्ग  इन्जिनियर<br>(ख) उर्जा इन्जिनियर<br>(ग) माइन्स इन्सपेक्टर |
| | ४. राजपत्र अनंकिन प्रथम श्रेणीमा रहने पद<br>माइनिङ्ग सव इन्सपेक्टर |

| ७. केमिकल इन्जिनियरिङ्ग समूहः | ८.मेटालर्जिकल इन्जिनियरिङ्ग समूहः | ९. मेट्रोलोजी समूहः | १०. मेटेरियोलोजी समूहः |
|---|---|---|---|
| १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) सुपरिन्टेन्डिङ्ग केमिकल इन्जिनियर | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) सुपरिनटेन्डिङ्ग  इन्जिनियर | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) मुख्य निरीक्षक | १.राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग मेटेरियोलोजिष्ट<br>(ग) सहसचिव (प्रा.)<br>(घ) कार्यकारिणी निर्देशक |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल केमिकल इन्जिनियर | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल मेटालर्जिष्ट | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>वरिष्ठ निरीक्षक | २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल मेटेरियोलोजिष्ट<br>(ख) कार्यालय प्रमुख |
| ३.राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) केमिकल इन्जिनियर<br>(ख) रिसर्च अधिकृत<br>(ग) वातावरण विद् | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>मेटालर्जिष्ट | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>निरीक्षक | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>मेटेरियोलोजिष्ट |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) स्याम्पलर<br>(ख) असिष्टेन्ट मेटालर्जिष्ट<br>(ग) असिष्टेन्ट सेरामिक्स | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>सहायक निरीक्षक | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) मौसम विज्ञान सहायक<br>(ख) इन्स्टुमेन्ट मेकानिक्स<br>(ग) डाटा सुपरभाइजर |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा |

| | | | |
|---|---|---|---|
| रहने पद | रहने पद<br>असिष्टेन्ट स्पाम्पलर | रहने पद<br>सिनियर मिस्त्री | रहने पद<br>नायव मौसम विज्ञान सहायक |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>जुनियर मिस्त्री | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>कार्य सहायक |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>कालिगढ | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |
| ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद |

११. जियोलोजी समूहः

| (क) जनरल जियोलोजी उपसमूह | (ख) हाइड्रो जियोलोजी उपसमूह | (ग) इन्जिनियरिङ्ग जियोलोजी उपसमूह |
|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग जियोलोजिष्ट | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग हाइड्रो जियोलोजिष्ट<br>(ग) चीफ हाइड्रो जियोलोजिष्ट | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक<br>(ख) सुपरिन्टेन्डिङ्ग इन्जिनियरिङ्ग जियोलोजिष्ट<br>(ग) सहसचिव (प्रा.) |



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | (घ) सहसचिव (प्रा.)<br>(ङ) कार्यकारिणी निर्देशक<br>(च) क्षेत्रीय निर्देशक | (घ) कार्यकारिणी निर्देशक |
| २.राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल जियोलोजिष्ट<br>(ख) सिनियर डिभिजनल सिस्मोलोजिष्ट<br>(ग) सिनियर डिभिजनल जियो केमिष्ट<br>(घ) सिनियर डिभिजनल माइनिङ्ग जियोलोजिष्ट | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल हाइड्रो जियोलोजिष्ट<br>(ख) सिनियर डिभिजनल जियोलोजिष्ट<br>(ग) सिनियर डिभिजनल माइनिङ्ग जियोलोजिष्ट<br>(घ) वरिष्ठ अनुगमन मूल्याङ्कन अधिकृत<br>(ङ) कार्यालय प्रमुख<br>(च) वरिष्ठ सिँचाई व्यवस्थापन अधिकृत<br>(छ) बरिष्ठ सिँचाई योजना अधिकृत | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद<br>(क) सिनियर डिभिजनल इन्जिनियरिङ्ग जियोलोजिष्ट<br>(ख) सिनियर डिभिजनल जियोलोजिष्ट |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) भूगर्भ विद्<br>(ख) सिस्मोलोजिष्ट<br>(ग) जियो हाइड्रोलोजिष्ट<br>(घ) माइनिङ्ग जियोलोजिष्ट<br>(ङ) रिसर्च अफिसर | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) हाइड्रो जियोलोजिष्ट<br>(ख) जियोलोजिष्ट<br>(ग) मिनरलजिष्ट<br>(घ) रिसर्च अधिकृत<br>(ङ) कार्यालय प्रमुख | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद<br>(क) इन्जिनियरिङ्ग जियोलोजिष्ट<br>(ख) माइनिङ जियोलोजिष्ट<br>(ग) जियो फिजिसिष्ट<br>(घ) जियो केमिष्ट<br>(ङ) रिसर्च अधिकृत |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (च) जियो फिजिसिष्ट<br>(छ) जियो केमिष्ट टेक्निसियन<br>(ज) जियोलोजिष्ट | | (च) जियोलोजिष्ट |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) स्याम्पलर<br>(ख) असिष्टेन्ट जियोलोजिष्ट<br>(ग) टेक्निकल असिष्टेन्ट<br>(घ) सिनियर ल्याव असिष्टेन्ट | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) असिष्टेन्ट हाइड्रो जियोलोजिष्ट<br>(ख) वेल अब्जरभर<br>(ग) असिष्टेन्ट ग्राउण्ड वाटर हाइड्रोलोजिष्ट | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>असिष्टेन्ट इन्जिनियरिङ्ग जियोलोजिष्ट |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>सहायक स्याम्पलर | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>जुनियर हाइड्रो जियोलोजिष्ट | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>जुनियर इन्जिनियरिङ्ग जियोलोजिष्ट |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>ल्याव असिष्टेन्ट | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>ल्याव असिष्टेन्ट | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>ल्याव असिष्टेन्ट |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>ल्याव व्याय | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>ल्याव व्याय | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>ल्याव व्याय |
| ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद |

१२. सिभिल एभिएशन अपरेशन्स समूह:

नेपाल कानून आयोग

| (क) सिभिल एभिएशन ट्राफिक सर्भिसेज उपसमूह | (ख) फ्लाइट अपरेसन्स उपसमूह | (ग) एभिएशन फायर सर्भिसेज उपसमूह |
|---|---|---|
| १. <u>राजपत्राङ्कितप्रथम श्रेणीमा रहने पद</u><br>(क) उपमहानिर्देशक<br>(ख) तालीम प्रमुख<br>(ग) सिनियर एभिएशन अफिसर<br>(घ) विमान स्थल प्रबन्धक<br>(ङ) प्रवन्धक (उडान सञ्चालन)<br>(च) प्रमुख एयर ट्राफिक कन्ट्रोलर<br>(छ) प्रमुख एरो नटिकल इन्फर्मेशन सर्भिस अफिसर<br>(ज) महाप्रबन्धक | १. <u>राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद</u> | १. <u>राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद</u> |
| २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) वरिष्ठ एयर ट्राफिक सर्भिस अफिसर<br>(ख) वरिष्ठ कम्यूनिकेशन अफिसर<br>(ग) एयर ट्राफिक कन्ट्रोलर शाखा प्रमुख<br>(घ) कम्यूनिकेशन शाखा प्रमुख<br>(ङ) जन सम्पर्क तथा सूचना शाखा प्रमुख | २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क)वायुयान चालक<br>(ख) क्याप्टेन | २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) वरिष्ठ फायर अफिसर<br>(ख) उद्धार तथा अग्नि निवारण शाखा प्रमुख<br>(ग) सिफ्ट इन्चार्ज |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (च) सिनियर एयर ट्राफिक कन्ट्रोलर<br>(छ) विमानस्थल प्रवन्धक<br>(ज) प्रवन्धक (सुविधा देय तथा हवाई सुरक्षा)<br>(झ) सिफ्ट इन्चार्ज<br>(ञ) सुपरभाइजर<br>(ट) सुविधादेय शाखा प्रमुख<br>(ठ) नियमित उडान अनुमती शाखा प्रमुख<br>(ड) हवाई सुरक्षा शाखा प्रमुख<br>(ढ) एरो नटिकल इन्फर्मेशन सर्भिस शाखा प्रमुख<br>(ण) सिनियर कम्यूनिकेशन अफिसर<br>(त) सिभिल एरो नटिकल इन्फर्मेशन सर्भिस अफिसर | | |
| ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) प्रबन्धक<br>(ख) एयर ट्राफिक कन्ट्रोलर<br>(ग) एयर ट्राफिक सर्भिस अफिसर | ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) पाइलट<br>(ख) को–पाइलट | ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>फायर अफिसर |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (घ) कम्यूनिकेशन अफिसर<br>(ङ) एयर ट्राफिक कन्ट्रोलर अफिसर<br>(च) जन सम्पर्क तथा सूचना अधिकृत<br>(छ) सुरक्षा अधिकृत<br>(ज) एयरो नटिकल इन्फर्मेशन सर्भिस अफिसर | | |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद | ४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>अग्नि नियन्त्रक |
| ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद | ५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद<br>सहायक अग्नि निरीक्षक |
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>अग्नि निरीक्षक |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |
| ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद | ८. श्रेणी विहीन पद |

| १३. सर्भे समूह: | १४. केमिष्ट्री समूह: | १६. एग्री इरीगेशन इन्जिनियरिङ्ग समूह: |
|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद<br>(क) उपमहानिर्देशक |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ख) प्रधानाचार्य | (ख) सुपरिन्टेन्डिङ्ग केमिष्ट<br>(ग) उच्च बैज्ञानिक अधिकृत | (ख) सुपरिन्टेन्डिङ्ग इन्जिनियर<br>(ग) प्रमुख जलउपयोग विज्ञ<br>(घ) क्षेत्रीय निर्देशक<br>(ङ) सहसचिव (प्रा.)<br>(च) कार्यकारिणी निर्देशक |
| २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) प्रमुख नापी अधिकृत<br>(ख) उप–प्रधानाचार्य | २.<u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सिनियर डिभिजनल केमिष्ट<br>(ख) खाद्य अनुसन्धान अधिकृत<br>(ग) वरिष्ठ गुणस्तर नियन्त्रक<br>(घ) वैज्ञानिक अधिकृत<br>(ङ) गुण नियन्त्रक<br>(च) प्रमुख संरक्षण विद्<br>(छ) वरिष्ठ मदिरा विशेषज्ञ<br>(ज) माटो रसायन अधिकृत | २. <u>राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सिनियर डिभिजनल इन्जिनियर<br>(ख) वरिष्ठ अनुगमन मूल्याङ्कन अधिकृत<br>(ग) कार्यालय प्रमुख<br>(घ) वरिष्ठ सिँचाई योजना अधिकृत<br>(ङ) वरिष्ठ सिँचाई व्यवस्थापन अधिकृत |
| ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) नापी अधिकृत<br>(ख) फोटो ग्रामेटिष्ट | ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) गुणस्तर नियन्त्रक<br>(ख) रसायन अधिकृत | ३. <u>राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) इन्जिनियर<br>(ख) कार्यालय प्रमुख |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ग) सिनियर ड्राफ्टम्यान<br>(घ) संगणना अधिकृत<br>(ङ) प्रशिक्षक अधिकृत<br>(च) सिनियस सर्भेयर | (ग) केमिष्ट<br>(घ) वाटर केमिष्ट<br>(ङ) सहायक रसायन विज्ञ<br>(च) सहायक माटो रसायन विज्ञ<br>(छ) वायो केमिष्ट<br>(ज) स्वायल केमिष्ट<br>(झ) निरीक्षक<br>(ञ) सहायक वैज्ञानिक अधिकृत<br>(ट) सहायक खाद्य अनुसन्धान अधिकृत<br>(ठ) सहायक विधि विज्ञ<br>(ड) सहायक माटो रसायन अधिकृत | |
| ४. <u>राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद</u><br>(क) टोली प्रमुख<br>(ख) सर्भेक्षक<br>(ग) अपरेटर<br>(घ) ड्राफ्टम्यान<br>(ङ) ट्रिग डाटाकर्ता | ४. <u>राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद</u><br>(क) असिष्टेन्ट केमिष्ट<br>(ख) ल्याव टेक्निसियन<br>(ग) सिनियर ल्याव असिष्टेन्ट<br>(घ) प्राविधिक सहायक<br>(ङ) स्यामपलर | ४. <u>राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद</u><br>(क) ओभरसियर<br>(ख) प्राविधिक सहायक |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (च) नापी सहायक<br>(छ) सहायक प्रशिक्षक<br>(ज) नापी टोली प्रमुख<br>(झ) नापी निरीक्षक<br>(ञ) गणक<br>(ट) सिनियर प्लटर<br>(ठ) सर्भेयर | (च) सिल्ट एनालिष्ट | |
| ५. <u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>(क) सहायक सर्भेक्षक<br>(ख) असिष्टेन्ट ड्राफ्टम्यान<br>(ग) सहायक अपरेटर<br>(घ) सहायक ड्राफ्टम्यान<br>(ङ) अमिन | ५. <u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>✍टेक्निसियन | ५.<u>राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>नायव प्राविधिक सहायक<br>एशोसिएशन अर्गनाइजर |
| ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>(क) सर्भे हेल्प | ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>ल्याव असिष्टेन्ट | ६. <u>राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>फिल्ड असिष्टेन्ट |

✍ मिति २०६६।१०।११ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ख) सह लिथो ग्राफर | | |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>ल्याव व्याय | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>ल्याव व्याय | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद |
| ८. श्रेणी विहीन पद | | |

द्रष्टव्यः- यी नियमहरु अन्तर्गतका समूह/उपसमूहबाट पदपूर्ति हुने पदहरुमा पदपूर्ति गर्दा दरबन्दी स्वीकृत हुदा निर्धारण गरिएका समूह, उपसमूहको दरवन्दी सङ्ख्याको आधारमा मात्र हुनेछ ।

नेपाल कानून आयोग

## ✱अनुसूची–३

(नियम ७ सँग सम्बन्धित)

**<u>सेवा प्रवेशको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता</u>**

१. <u>सिभिल इन्जिनियरिङ्ग समूह अन्तर्गतः</u>

(क) जनरल उपसमूहको लागि

| क.स | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| १. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी. ई वा सो सरह उत्तीर्ण । |
| ३. | राजपत्राकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |
| (ख) <u>हाईवे उपसमूहको लागिः</u> | | |
| १. | राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | अष्टम कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा ६ महिनाको अनुभव प्राप्त । |
| २. | राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई ट्रेसर सम्बन्धी तालीम वा सम्बन्धित काममा दुई वर्षको अनुभव प्राप्त । |

✱ मिति २०५१।७।२१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ३. | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । ल्यावोरेटरी टेक्निसियनको लागि सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र वा प्रमाणपत्र वा सो सरह उपाधि प्राप्त गरी एक महिना स्वायत ल्यावरेटोरी टेक्निसियनको तालीम प्राप्त । |
| ४. | राजपत्राकित तृतीय श्रेणीको पद | 🕮मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण । |
| ५. | राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | 🕮मान्यता प्राप्त शिक्षण सस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउनन्डेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग वा जियोटेक्निकल इन्जिनियरिङ्ग वा वायो इन्जिनियरिङ्ग वा इन्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रकशन मेनेजमेन्ट वा प्रोजेक्टमेनेजमेन्ट वा इन्टरनेशनल कन्स्ट्रकशन प्रोजेक्ट मेनेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रकशन इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट वा इन्जिनियरिङ्ग प्रोजेक्ट मेनेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ्ग वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन इन्जिनियरिङ्ग वा वृज इन्जिनियरिङ्ग वा इनभाइरोमेन्टल इन्जिनियरिङ्ग वा इनफ्र्रास्ट्रक्चरल इन्जिनियरिङ्ग वा ट्राफिक इन्जिनियरिङ्ग वा रिभर इन्जिनियरिङ्ग वा हाइड्रोलोजी इन्जिनियरिङ्ग वा अर्थक्वेक इन्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानि एण्ड डेभलपमेन्ट वा अर्वान ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

🕮 मिति २०६१।४।२५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।



नेपाल कानून आयोग

| | |
|---|---|
| (ग) स्यानिटरी उपसमूहको लागिः | |
| १. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालीम प्राप्त वा सम्बन्धित विषयमा एक वर्षको अनुभव प्राप्त । |
| २. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालीम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त । |
| ३. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण । |
| ५. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिलि इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |
| (घ) विल्डङ्ग एण्ड आर्किटेक्ट उपसमूहको लागिः | |
| १. राजपत्र अनङ्कित द्वतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालीम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल. सी. कोर्ष उत्तीर्ण । |
